# श्री जनसंख्या तथा वातावरण मन्त्रालय,सिंहदरवारमा पेश गरेको स्थलगत निरिक्षणको प्रतिवेदन ।

रिट निवेदक नारायण प्रसाद देवकोटा विपक्षी यस मन्त्रालय समेत भएको रिट निवेदनको सम्वन्धमा सम्मानित सर्वोच्च अदालतको फैशला बमोजिम रोडा ढुंगा, गिट्टीको संकलन तथा उत्खनन् एवं अनुगमन गर्नको लागि नेपाल सरकार माननिय मन्त्री स्तरीय निर्णयानुसार यस मन्त्रालयको वातावरण महाशाखाको प्रमुखको संयोजकत्वमा देहाय बमोजिमको प्राविधिक समिति गठन भएको ।

क) संयोजक, वातावरण महाशाखा, सहसचिव, जनसंख्या तथा वातावरण मन्त्रालय
ख) सदस्य, सि.डि.इ माइनिङ्ग, खानी तथा भूगर्भ विभाग
ग) सदस्य, जियोलोजिष्ट, खानी तथा भूगर्भ विभाग
घ) सदस्य, विभागीय प्रमुख, वातावरण विभाग,त्रि.वि
ङ) सदस्य  प्रतिनिधी,उपसचिव(प्रा.) बन तथा भूसंरक्षण मन्त्रालय
च) सदस्य-सचिव उपसचिव(कानुन) जनसंख्या तथा वातावरण मन्त्रालय

खानी तथा भूगर्भ विभागको प.सं ०७३।०७४ च.नं.२८० मिति २०७३।०५।१५ को पत्रबाट नवलपरासी जिल्ला हुप्सेकोट गा.वि.स.वडा नं ६ अन्तरगतको श्री डि.के.क्वेरिज प्रा.लि, च.नं २८२ र २८३ मिति २०७३। ५।१५को पत्रबाट स्वस्तिक नेपाल मिनरल्स प्रा.लिले ढुंगा खानी उत्खनन् सम्वन्धमा सो उद्योगहरुबाट पेश भएको  IEE प्रतिवेदन स्वीकृतिको लागि सिफारिश गरी पठाएको व्यहोरा उल्लेख गरिएको पत्र प्राविधिक समिति समक्ष पेश हुन आएको ।

प्राविधिक समितिको मिति २०७३।०६।०५ र २०७३।०६।०६ गते बसेको वैठकले समितिका सदस्यहरुबाट देहायका विषयमा केन्द्रित रही उद्योगको लागि प्रस्तावित स्थानको निरिक्षण गर्ने कार्यक्रम तय भएको ।

- हाल प्रस्ताव गरिएको स्थान नेपाल सरकारले रोडा ढुंगा खानी लगायतका उद्योगको लागि तोकेको मापदण्ड भित्र पर्छ वा पर्दैन सोको अध्ययन गर्ने
- उक्त उद्योग स्थापना गरी सञ्चालन गर्दा त्यसबाट उल्लेखनिय रुपमा वातावरणीय प्रभाव पर्न सक्छ वा सक्दैन स्थानीय रुपमा छलफल समेत गरी आफ्नो राय सुझाव सहितको स्थलगत प्रतिवेदन पेश गर्ने ।

समितिको निर्णय बमोजिम समितिका सदस्यबाट मिति २०७३।०६।११ देखि २०७३।६।१२ सम्म साधारण निर्माणमूखी ढुगां खानी उद्योग सञ्चालनको लागि प्रस्ताव गरिएको स्थानको स्थलगत अध्ययन गर्दा देहाय बमोजिम भएको पाइयो :-

- उक्त ढुंगा खानी उद्योग रहन प्रस्ताव गरिएको स्थान पूर्व पश्चिम राजमार्ग अन्तरगत नवलपरासी जिल्लाको अरुणखोलाबाट करिव पन्ध्र कि.मि.उत्तर तर्फ हुप्सेकोट गा.वि.स वडा नं ६ मा नेपाल सरकारको राष्ट्रिय वनक्षेत्र रहेको जग्गामा उद्योग स्थापना गर्न प्रस्ताव गरिएको पाइयो ।



(खानीको लागि प्रस्ताव गरिएको डाँडामा रहेका रुखहरु



(खानीको लागि प्रस्ताव गरिएको डाँडामा रहेका रुखहरु

- सो उद्योगले स्थापना गरी सञ्चालन गर्न प्रस्ताव गरिएको स्थान नवलपरासी जिल्लाको अरुणखोलाबाट उत्तर तर्फको अरुणखोलासँग जोडिएको डाँडाको पश्चिम तर्फको दूई वटा भाग र पूर्व तर्फको एक वटा भागमा खानी उद्योगका लागि प्रस्ताव गरिएको पाइयो ।



(खानीको लागि प्रस्ताव गरिएको डाँडा र त्यसको तल्लो भागमा प्रस्तावित गरिएका दूइ वटा भागहरु)



**(खानीको लागि प्रस्तावित डाँडाको माथिल्लो स्थान)**

- प्रस्तावित उद्योग जाने ठाँउमा हालसम्म मोटरबाटो नभएको र नजिकै अन्य खानी उद्योगहरु सञ्चालन हुदै आएको अवस्था समेत पाइएन ।

➢ उद्योगका प्रस्तावित स्थान रहेको डाँडाको दायाँ तथा वायाँ तर्फ रहेको डाँडाहरुमा मानववस्ती रहेको पाइयो ।



(खानी उद्योगको लागि प्रस्तावित गरिएको डाँडको दक्षिण तर्फको डाँडामा रहेको मानव वस्ती)

➢ उद्योगको लागि प्रस्तावित डाँडाको वीच भागको तल केही घरहरु रहेको जानकारी समेत प्राप्त हुन आयो ।

➢ सो स्थानहरुको उत्तर तर्फ तल्लो भागमा करिव पाँच सय मिटरमा एक वटा विद्यालय रहेको पाइयो ।

➢ प्रस्तावित खानी उद्योगहरु सञ्चालन गर्नुपूर्व सो स्थानमा रहका रुखहरु कटान गर्नुपर्ने अवस्था रहेको पाइयो ।

**<u>समितिको निश्कर्ष एवं सुझावहरुः</u>**

खानी तथा भूगर्भ विभागबाट आइ.इ.ई प्रतिवेदन स्वीकृतिको लागि पेश हुन आएको फाइलहरुमा संलग्न कागजातहरुको अध्ययन तथा ढुंगा खानी उद्योग स्थापना गर्न प्रस्ताव गरिएको ठाँउमा गरिएको स्थलगत निरिक्षण तथा उद्योग सञ्चालकसँग गरिएको कुराकानीको आधारमा देहाय बमोजिम हुनको लागि सुझाव पेश गरेका छौ :-

- प्रस्तावित उद्योग सञ्चालनको लागि तय भएको स्थान साना, ठूला गरी रुखहरु रहेको र उद्योग सञ्चालन गर्नुपूर्व त्यस स्थानमा रहेका सम्पूर्ण रुखहरु कटान गर्नुपर्ने देखिएकोले सो कार्यबाट उक्त स्थानको जैविक विविधता एवं वातावरणमा समेत असर पर्न सक्ने देखिएकोले त्यसको न्यूनीकरणको लागि वन तथा भूसरक्षण मन्त्रालयसँग समन्वयमा गरी रुखहरु कटान गर्ने तथा वृक्षारोपण लगायतका अन्य उपयुक्त वातावरणीय कार्यक्रम सञ्चानल गर्ने गरी उद्योग सञ्चालन हुनु पर्ने ।
- प्रस्तावित स्थानको डाँडाको वीच भागको उत्तर तर्फको तल्लो भागमा केही घरहरु र प्राथामिक विद्यालय रहेको पाइएकोले खानी उद्योग सञ्चालनबाट ती घरहरु तथा प्रा.वि.मा कुनै असर नपर्ने गरी कार्य गर्नु पर्ने ।
- प्रस्तावित उद्योग रहने डाँडाको फेदीमा खोला तथा कृषियोग्य जमिनमा समेत रहेको देखिएकोले त्यसले खोला तथा कृषियोग्य जमिनमा कुनै असर नपर्ने गरी उद्योग सञ्चालन हुनु पर्ने ।
- हाल प्रस्तावित साधारण निर्माणमूखी ढुंगा खानी उद्योगसम्म जाने बाटो नभएको देखिएकोले उद्योगले खानी सम्म जाने पहुँच माग निर्माण गर्नुपर्ने देखिएकोले सो पहुँच मार्ग प्रचलित ऐन,कानुन अनुसार निर्माण हुनुपर्ने ।
- प्रस्तावित उद्योग सञ्चालन हुने स्थान नेपाल सरकारको वनक्षेत्र रहेको देखिएकोले वन तथा भूसंरक्षण मन्त्रालयबाट सो जग्गा उपलव्ध गराउने सन्दर्भमा हुने शर्तहरुको पूर्ण पालना हुनुपर्ने ।
- माथि उल्लेखित अवस्थाहरु बाहेक प्रस्तावित ढुंगा खानी उद्योग प्रा.लिले उद्योग स्थापना गर्न प्रस्ताव गरेको स्थान नेपाल सरकारले खानी उद्योगको लागि निर्धारण गरेको अन्य सवै मापदण्ड पुरा गरेको पाइएको

## <u>प्रतिवेदकहरु</u>

| | |
|---|---|
| ........................... | ....................... |
| दिनेश कुमार नापित | जयराज घिमिरे |
| सि.डि.जि (जियोलोजिष्ट) | सि.डि.ई माइनिङ्ग |
| जनसंख्या तथा वातावरण मन्त्रालय | खानी तथा भूर्गभ विभाग |
| ........................................... | ...................................... |
| शुभाष कुमार शर्मा | पुरुषोत्तम नेपाल |
| सहायक वातावरण अधिकृत | उपसचिव कानुन |
| वन तथा भूसंरक्षण मन्त्रालय | जनसंख्या तथा वातावरण मन्त्रालय |